# गंगादेव गाउँपालिका
# गाउँ कार्यपालिकाको बैठ्क

आ.व. २०८२/०८३ को गाउँ कार्यपालिकाको बैठ्क
संख्याः.................................

- मितिः २०८२ कार्तिक महिनाको २६ गते बुधबार ।
- समयः ८:०० बजे बिहान।
- स्थानः गाउँ कार्यपालिकाको कार्यालय सानडाँडा, रोल्पा ।

गंगादेव गाउँपालिकाका अध्यक्ष श्री हरी बहादुर पुनको अध्यक्षतामा बसेको गंगादेव गाउँपालिका गाउँ कार्यपालिको बैठ्कमा तपसिलको उपस्थितिमा तपसिल बमोजिमका विषयहरुमा छलफल गरी निर्णयहरु गरियो ।

उपस्थितिहरुः

| सि.न. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री हरी बहादुर पुन | गाउँपालिका अध्यक्ष | |
| २ | श्री अमृता कुमारी के.सी. | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री अमृत बहादुर वली | वडा अध्यक्ष (१ न. वडा) | |
| ४ | श्री अमर बहादुर खत्री | वडा अध्यक्ष (२ न. वडा) | |
| ५ | श्री लोकमान वली | वडा अध्यक्ष (३ न. वडा) | |
| ६ | श्री कृष्ण वली | वडा अध्यक्ष (४ न. वडा) | |
| ७ | श्री अमृत बहादुर बुढा | वडा अध्यक्ष (५ न. वडा) | |
| ८ | श्री विर बहादुर वली | वडा अध्यक्ष (६ न. वडा) | |
| ९ | श्री प्रेम प्रकाश के.सी. | वडा अध्यक्ष (७ न. वडा) | |
| १० | श्री भक्ती वि.क. | गाउँ कार्यपालिका सदस्य | |
| ११ | श्री रामकला वि.क. | गाउँ कार्यपालिका सदस्य | |
| १२ | श्री दुरपता घर्ती | गाउँ कार्यपालिका सदस्य | |
| १३ | श्री तुल्सी कामी | गाउँ कार्यपालिका सदस्य | |
| १४ | श्री कमला डाँगी | गाउँ कार्यपालिका सदस्य | |
| १५ | श्री खिमा कुमारी के.सी. | गाउँ कार्यपालिका सदस्य | |
| १६ | श्री बिनोद कुमार श्रेष्ठ | सदस्य सचिव | |

आमन्त्रितहरुको उपस्थितिः

| सि.न. | कर्मचारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शालिक राम बस्नेत | प्रशासकीय अधिकृत | |
| २ | कुल बहादुर योगी | स.प्रशासकीय अधिकृत | |
| ३ | हरिलाल वली | कार्यालय सहयोगी | |
| ४ | | | |

छलफलका विषयहरुः-

१ झोलुङ्गेपुल माग सम्बन्धमा ।

२ भ्रमण स्वीकृत सम्बन्धमा ।

३ सम्मानित उच्च अदालत तुल्सीपुर दाङको परमादेश मुद्धाको जवाफ लगाउन अख्तियारी दिने र कानुन व्यवसायी तोक्न सम्बन्धमा ।

४ रोल्पा जिल्ला अदालत बाट जारी भएको म्याद/इतलायनामाको जग्गा खिचोला/अतिक्रमण मुद्धाको जवाफ लगाउन अख्तियारी दिने र कानुन व्यवसायी तोक्ने सम्बन्धमा ।

५ ज्ञापन पत्र सम्बन्धमा ।

६ परिपत्र कार्यान्वयन सम्बन्धमा ।

७ सम्मानित सर्वोच्च अदालतको उत्प्रेषण मुद्धाको जवाफ लगाउन अख्तियारी दिने र कानुन व्यवसायी तोक्न सम्बन्धमा ।

८ विविध सम्बन्धमा ।

निर्णयहरू:

निर्णय नं. १

नेपाल सरकार शहरी विकास मन्त्रालय स्थानीय पूर्वाधार विकास विभाग झोलुङ्गे पुल शाखा श्रीमहल, पुल्चोक, ललितपुरको आ.व. २०८२/०८३, मिति २०८२/०६/२७ को झोलुङ्गे पुल मागका लागि प्राप्त पत्रानुसार यस गंगादेव गाउँपालिकामा आवश्यक झोलुङ्गे पुल मागका लागि दिईएको फाराममा तपसिलका झोलुङ्ग पुलको पूर्ण विवरण भरी उक्त झोलुङ्गे पुलहरु माग गर्ने निर्णय गरियो ।

| सि.नं | प्राथमिकता नं | जिल्ला | पालिका | वडा नं | स्थान | | खोलाको नाम | झो.पुको नाम | अनुमानित लम्बाई मि. | प्रस्तावित झो.पु.बाट पहुँच हुने सेवाको प्रकार | GPS Coordinate | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | बाँया किनारा | दाँया किनारा | | | | | दायाँ | बाँया | |
| १ | १ | रोल्पा | गंगादेव | १ | धौलालोटे | छरेपानी | गोठीखोला | गोठीखोला झो.पु. | १०० | आवतजावत | | | |
| २ | २ | रोल्पा | गंगादेव | २ | सानडाँडा | सेरङखोला | बाँफुखोला | सेरङखोला झो.पु. | १०० | आवतजावत | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | ३ | रोल्पा | गंगादेव | २ | करडजिबोट | काफलनेटा | बाँफुखोला | मोरोट घाट झो.पु. | १२० | आवतजावत | | | |
| ४ | ४ | रोल्पा | गंगादेव | ३ | ढोरेनीखोला | गोठी खोला | आनमाने खोला | गोठीखोला झो पु | ४० | आवतजावत | | | |
| ५ | ५ | रोल्पा | गंगादेव | ३ | रातामाटा | खानी पाखा | मोरटखोला | मोरटखोला झो पु | ५० | आवतजावत | | | |
| ६ | ६ | रोल्पा | गंगादेव | ४ | डोप्टी | तिखेचुला | गौरामाथि | गौरामाथि झो पु | १५० | आवतजावत | | | |
| ७ | ७ | रोल्पा | गंगादेव | ४ | कोप्चीखोला | जितामारे | कोप्ची खोला | कोप्ची खोला झो पु | २०० | आवतजावत | | | |
| ८ | ८ | रोल्पा | गंगादेव | ४ | गारतारा | ढुङ्गेछापा | ढुङ्ग्रीखोला | ढुङ्गेछापा झो पु | ३०० | आवतजावत | | | |
| ९ | ९ | रोल्पा | गंगादेव | ५ | स्याला | हम्पाल | ढुङ्ग्रीखोला | ढुङ्ग्री खोला झो पु | ९० | आवतजावत | | | |
| १० | १० | रोल्पा | गंगादेव | ५ | बस्नेउटा | फुलबास | बाँफुखोला | बस्नेउटा झो पु | १५० | आवतजावत | | | |
| ११ | ११ | रोल्पा | गंगादेव | ५ | घरेली | जग्र | बाँफुखोला | जग्र झो पु | १५० | आवतजावत | | | |
| १२ | १२ | रोल्पा | गंगादेव | ६ | रोप्सीकाथान | बिचौर | ठुलीगार खोला | बिचौर खोला झो पु | १५० | आवतजावत | | | |
| १३ | १३ | रोल्पा | गंगादेव | ६ | पूर्णगाउँ | ताप्ला | ताप्ला खोला | ताप्ला खोला झो पु | १५० | आवतजावत | | | |
| १४ | १४ | रोल्पा | गंगादेव | ७ | खार्पु | भक्रि खोला | ताप्ला खोला | भक्रिखोला झो पु | २५० | आवतजावत | | | |
| १५ | १५ | रोल्पा | गंगादेव | ७ | ताप्ला | बिखोला | बिखोला | बिखोला झो पु | १५० | आवतजावत | | | |
| १६ | १६ | रोल्पा | गंगादेव | ७ | जायचौर | तिम्ले खोला | जायचौर खोला | तिम्लेखोला झो पु | २०० | आवतजावत | | | |

**निर्णय नं. २**

गंगादेव गाउँपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत श्री विनोद कुमार श्रेष्ठ आगामी १८-२१ नोभेम्बर सम्म कम्बोडियामा आयोजना हुने "Workshop on boosting work place productivity through effective practices" विषयक कार्यक्रममा सहभागिताको लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०८२/०४/२३ (सचिवस्तर) को निर्णय भई आयोजक संस्थाबाट Confirmation

प्राप्त भई सकेको हुँदा उक्त कार्यक्रममा सहभागिताको लागि जानु पर्ने भएको भनी आवश्यक निर्णयको लागि निवदेन प्राप्त भएकोले उक्त कार्यक्रममा सहभागि हुनका लागि स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

सम्मानित उच्च अदालत तुल्सिपुर दाङमा जयपुरी घर्तिमगरले गंगादेव गाउँपालिकाको कार्यालय एवम् कार्यालय प्रमुख र गंगादेव गाउँपालिकाका अध्यक्ष हरि बहादुर पुनलाई समेत विपक्ष बनाई परमादेश दायरी नं. ०८२-WO-००१३ मा दायर गरेको रिट निवेदनमा सम्मानित उच्च अदालत तुल्सीपुरबाट मिति २०८२/०५/१२ गते निवेदकको माग बमोजिम आदेश किन जारी हुन नपर्ने हो ? मागबमोजिम आदेश जारी हुन नपर्ने कुनै आधार, कारण र प्रमाण भए सो समेत पेश गर्नु भनी आदेश भएकोले उक्त मुद्धामा लिखित जवाफ पेश गर्न, कानुन व्यवसायी मुकरर गर्न तथा मुद्धा सँग सम्बन्धित सम्पूर्ण कार्य गर्नको लगि रोल्पा जिल्ला गंगादेव गाउँपालिका वडा नं. ७ को वडा अध्यक्ष श्री प्रेम प्रकाश के.सी. लाई अख्तियारी दिने र मुद्धाको वहस पैरवी गर्नको लागि कानुन व्यवसायीको रुपमा वरिष्ठ अधिवक्ता मोहन धिताललाई तोक्ने निर्णय गरियो ।

निर्णय नं. ४

रोल्पा जिल्ला अदालतमा गणेश बहादुर वली ले गंगादेव गाउँपालिकाको कार्यालय, वडा नं. ५ को वडा कार्यालय लोदचौर, गंगादेव गाउँपालिका कार्यालय प्रमुख र वडा नं. ५ को वडा अध्यक्ष लाई समेत विपक्ष बनाई जग्गा खिचोला/अतिक्रमण मुद्धा नं. ०८२-CP-००३५ मा दायर गरेको रिट निवेदनमा सम्मानित रोल्पा जिल्ला अदालत बाट मिति २०८२/०४/२९ गतेको निवदेकको माग बमोजिम २१ (एक्काइस) दिन भित्रमा प्रतिउत्तरपत्र लगाउन उक्त मुद्धामा लिखित जवाफ पेश गर्न, कानुन व्यवसायी मुकरर गर्न, वारिस नियुक्ति गर्न तथा मुद्धा सँग सम्बन्धित सम्पूर्ण कार्य गर्नको लगि रोल्पा जिल्ला गंगादेव गाउँपालिका वडा नं. ५ को वडा अध्यक्ष श्री अमृत बहादुर बुढा लाई अख्तियारी दिने र मुद्धाको वहस पैरवी गर्नको लागि कानुन व्यवसायीको रुपमा दामोदर सुवेदी लाई तोक्ने निर्णय गरियो ।

निर्णय नं. ५

गाउँपालिकाको सवारीसाधन प्रयोगको दुरुपयोगलाई नियन्त्रण गर्न गाउँपालिकाको कार्यालय रहेको वडा भित्र सवारी चलाउन प्रमुख प्रशासकीय अधिकृत र गाउँपालिका भित्र गाउँपालिका अध्यक्षले सवारी चलाउने अनुमती पत्र जारी गर्ने र सो को अभिलेख भण्डार शाखाले राख्ने साथै कसैले दुरुपयोग गरेको पाइएमा सम्बन्धित पदाधिकारी/कर्मचारी नै जिम्मेवार हुने गरी व्यवस्था मिलाउने निर्णय गरियो।

निर्णय नं. ६

संघीय सरकार, प्रदेश सरकार, गाउँपालिका र अन्य दातृ निकाय अन्तर्गतका संघ/संस्थासंग गरिएको सम्झौता अनुसार सशर्त तथा साझेदारी अनुदानबाट सेवा सुविधा पाउने गरी नियुक्त भई कार्यरत अस्थायी, करार एवम् ज्यालादारीमा कार्यरत करार कर्मचारी, हलुका सवारी चालक साथै आन्तरिक

स्रोत, राजस्व बाँडफाँड, वित्तिय समानीकरण स्रोतबाट बजेट विनियोजन भई सेवा सुविधा लिने गरी सेवा प्रवाहको लागि आवश्यक्ताको आधारमा विगतबाट नै करार सम्झौता गरी गाउँपालिकाको कार्यालय वा अन्तर्गत निकायमा काममा लगाई कार्य सञ्चालन हुँदै आइरहेको छ ।

गंगादेव गाउँपालिकाको **सुकिदह गाउँपालिका सेवा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि** बमोजिम प्राविधिक कर्मचारी (स्वास्थ्य सेवाका कर्मचारीहरु तथा सिभिल इन्जिनियरहरु) सेवा करारमा लिई गाउँपालिकाको काममा लगाई कार्य सञ्चालन हुँदै आइरहेको छ।

लुम्बिनी प्रदेश, स्थानीय निजामती सेवा नियमावली, २०८१ को नियम ८ को उपनियम (१) मा "कुनै पनि कार्यालयमा पद रिक्त नभई वा पद सिर्जना एवम् दर्ता नभई कर्मचारी नियुक्त गर्नु हुँदैन" र ऐ.ऐ. नियमावलीको उपनियम (२) मा "उपनियम (१) विपरीत कुनै कर्मचारी नियुक्ति गरी तलब भुक्तान गरेमा त्यसरी भुक्तान भएको तलब रकम नियुक्त गर्ने अधिकारीबाट असूल गरिनेछ" भन्ने उल्लेख रहेको देखियो।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा ८ मा "गाउँपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकीदार, माली, बगैचे र सरसफाई सम्बन्धी पदमा स्थायी पदपूर्ति नगरी प्रतिस्पर्धाको आधारमा सेवा करारबाट मात्र लिनु पर्नेछ। सो बाहेक अन्य पद तथा सेवामा करारबाट पदपूर्ति गर्न पाइने छैन" भन्ने उल्लेख रहेको देखियो।

सो सन्दर्भमा सङ्घीय मामिला तथा समान्य प्रशासन मन्त्रालयको मिति २०८२/०६/०८ च.नं. ११३ को पत्रानुसार नेपाल सरकार, मन्त्रिपरिषद्को २०८२/०६/०५ को निर्णय कार्यान्वयनको लागि भएको परिपत्र, लुम्बिनी प्रदेश, स्थानीय निजामती सेवा नियमावली, २०८१ को व्यवस्था कार्यान्वयन गर्दा गाउँपालिकाबाट हुने सेवा प्रवाहमा असर पर्ने, भौगोलिक विकटताको कारणले जनशक्तिको अभाव रहने जस्ता समस्या र नयाँ दरबन्दी संरचनाको लागि हाल सम्म गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण नभएको हुँदा सेवा प्रवाह तथा गाउँपालिका सञ्चालनको लागि देहाय बमोजिम गर्ने निर्णय गरियो।

(क) संघीय सरकार, प्रदेश सरकार र अन्य दातृ निकाय अन्तर्गतका संघ/संस्थासंग गरिएको सम्झौता अनुसार सशर्त तथा साझेदारी अनुदानबाट सेवा सुविधा पाउने गरी नियुक्त भएका करार कर्मचारी, हलुका सवारी चालक, स्वास्थ्यकर्मीहरु, स्वास्थ्य स्वंय सेवकहरु, रोजगार संयोजक एवम् शिक्षकहरुको करार सम्झौता यथावत राखी निरन्तरता दिने निर्णय गरियो।

(ख) आन्तरिक स्रोत, राजस्व बाँडफाँड, वित्तिय समानीकरण अनुदान स्रोतबाट यस आ.व. २०८२/०८३ को लागि बजेट विनियोजन भई सेवा सुविधा लिने गरी सेवा प्रवाहको लागि आवश्यक्ताको आधारमा विगतबाट गाउँपालिका भित्रका विभिन्न विद्यालयहरुलाई गाउँपालिका अनुदान दिई शिक्षा समितिको निर्णयानुसार काममा लगाइदै आएका शिक्षक, बाल बिकास सहजकर्ताहरुको करार सम्झौता तथा सेवा निरन्तरता यस आ.व. २०८२/०८३ असार मसान्तसम्मको लागि निरन्तरता दिने निर्णय गरियो।

(ग) आन्तरिक स्रोत, राजस्व बाँडफाँड, वित्तिय समानीकरण अनुदान स्रोतबाट यस आ.व. २०८२/०८३ को लागि विनियोजित बजेटबाट सेवा सुविधा लिने गरी आवश्यक्ताको

आधारमा बिभिन्न स्वास्थ्य चौकी तथा उपस्वास्थ्य चौकीहरुमा आवश्यक जनशक्तिहरु ज्यालादारी तथा करार सम्झौता गरी काममा लगाइदै आएका स्वास्थ्यकर्मीहरु, स्वास्थ्य संस्थामा कार्यरत कार्यालय सहयोगीहरुको करार सम्झौता यथावत राखी निरन्तरता दिने निर्णय गरियो।

(घ) आन्तरिक स्रोत, राजस्व बाँडफाँड, वित्तिय समानीकरण अनुदान स्रोतबाट यस आ.व. २०८२/०८३ को लागि विनियोजित बजेटबाट सेवा सुविधा लिने गरी आवश्यक्ताको आधारमा गाउँपालिकाको कार्यालयमा कार्यरत प्राविधिक सहायक (कृषि), ना.प.स्वा.प्रा. (भेटनरी), सिभिल इन्जिनियर, अ.सव-इन्जिनियर, सव-इन्जिनियर, रोजगार सहायक, रोजगार प्राविधिक, हलुका सवारी चालक, कार्यालय सहयोगी तथा कार्यालय सहायक कर्मचारीहरुको करार सम्झौता यथावत राखी निरन्तरता दिने निर्णय गरियो।

(ङ) संघीय सरकार, प्रदेश सरकारको सशर्त तथा साझेदारी अनुदान तथा गाउँपालिकाको आन्तरिक स्रोत, राजस्व बाँडफाँड, वित्तिय समानीकरण अनुदान स्रोतबाट लागत साझेदारी गरी गाउँपालिकाको कार्यालयको काममा सेवा करारमा कार्यरत OVOT अन्तर्गत ना.प्रा.स. र ना.प.स्वा.प्रा, MIS अपरेटर, फिल्ड सहायक कर्मचारीहरुको करार सम्झौता यस आ.व. २०८२/०८३ असार मसान्तसम्मको लागि निरन्तरता दिने निर्णय गरियो।

(च) लुम्बिनी प्रदेश, स्थानीय निजामती सेवा नियमावली, २०८१ को व्यवस्था अध्ययन गर्दा परिच्छेद-३ नियम १३(१) बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समिति गठन गरी कार्य अगाडी बढाउने र सो कार्यलाई सहजीकरण गर्न गाउँपालिका अध्यक्ष, अध्यक्षले मनोनित गरेका कार्यपालिका सदस्य २ (दुई) जना रहेको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण उच्चस्तरिय समिति गठन गरी यथासिघ्र कार्य अगाडी बढाउने निर्णय गरियो।

(छ) सङ्घीय मामिला तथा समान्य प्रशासन मन्त्रालयको मिति २०८२/०६/०८ च.नं. ११३ को पत्रानुसार नेपाल सरकार, मन्त्रिपरिषद्को २०८२/०६/०५ को निर्णय कार्यान्वयनको लागि भएको परिपत्र अनुसार अनुत्पादक खर्च कटौती र मितव्ययीता कायम सम्बन्धी परिपत्र सबै कार्यपालिका सदस्यलाई उपलब्ध गराउने र सो सम्बन्धमा अर्को कार्यपालिका बैठ्कमा छलफल गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

सम्मानित सर्वोच्च अदालतमा दिपेन्द्र प्रकाश मल्ल ले गंगादेव गाउँपालिका कार्यपालिकाको कार्यालय शिक्षा, युवा तथा खेलकुद शाखा रोल्पा समेत लाई विपक्ष बनाई परमादेश दायरी नं. ०८२-WO-०१९७ मा दायर गरेको रिट निवेदनमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०८२/०५/१६ गते निवेदकको माग बमोजिम आदेश किन जारी हुन नपर्ने हो ? मागबमोजिम आदेश जारी हुन नपर्ने कुनै आधार, कारण भए सो समेत पेश गर्नु भनी आदेश भएकोले उक्त मुद्दामा लिखित जवाफ पेश गर्न, कानुन व्यवसायी मुकरर गर्न तथा मुद्धा सँग सम्बन्धित सम्पूर्ण कार्य गर्नको लगि रोल्पा जिल्ला गंगादेव गाउँपालिका कार्यपालिकाको कार्यालय शिक्षा, युवा तथा खेलकुद शाखाका सहायक शिक्षा अधिकृत श्री अंग बहादुर वलीलाई अख्तियारी दिने र मुद्धाको वहस पैरवी गर्नको लागि कानुन व्यवसायीको रुपमा अधिवक्ता भोजराज आचार्य लाई तोक्ने निर्णय गरियो ।

निर्णय नं. ८

गंगादेव गाउँपालिकामा निर्वाचित पदाधिकारीहरुको सेवा सुविधा सम्बन्धमा निरन्तर वडा समितिको बैठक संख्या ६ ओटा र गाउँ सभाको २ ओटा बैठकमा उपस्थित नभएमा पालिकाबाट उपलब्ध हुने सेवा सुविधा रोक्का गर्ने र वडा अध्यक्षको सिफारिस प्रत्येक महिना पदाधिकारी वडामा रहेको आधार सहितको सिफारिस गाउँपालिका कार्यालयमा प्राप्त भएमा मात्र सेवा सुविधा भुक्तानी गर्ने निर्णय गरियो ।